# सुदूरपश्चिम प्रदेश

## मन्त्रिपरिषद बैठकको निर्णयहरु

### प्रदेश मन्त्रिपरिषद बैठक संख्याः- ३०/२०७५

### मितिः- २०७५/०८/१४

२०७५ साल मंसिर १४ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीमा बसेको मन्त्रिपरिषदको निर्णयः-

**देहायका प्रस्तावमा देहायमा लेखिए वमोजिम गर्ने :**

१) भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ८९ को देहाय (१) डेरी तथा मासु पसल सुधार कार्याक्रम कार्यान्वयन कार्यविधि, २०७५ मा ठाउँठाउँमा उल्लेख भएको स्थानीय निकायको सट्टा स्थानीय तह कायम गरी उक्त कार्यविधि स्वीकृत गर्ने ।

२) भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ८९ को देहाय (२) युवा लक्षित पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ मा देहाय बमोजिम गर्ने :-

(क) दफा २ को उपदफा (१) खण्ड "ज" मा रहेको "१८ देखि ५० वर्षसम्मका" भन्ने शब्दावलीको सट्टा "१८ बर्ष देखि ४० वर्षसम्मका" भन्ने शब्दावली राख्ने ।

(ख) दफा ४ को उपदफा २ को खण्ड "ख" मा रहेको "बझाङ्ग, बाजुरा र अछाम" भन्ने शब्दावलीको सट्टा "बझाङ्ग, बाजुरा र दार्चुला" भन्ने शब्दावली राख्ने ।

(ग) दफा ५ मा रहेको १८ देखि ५० भन्ने शब्दावलीको सट्टा "१८ वर्ष देखि ४० वर्ष सम्म" भन्ने शब्दावली राख्ने

३) भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ८९ को देहाय (३) सिमान्तकृत वर्ग लक्षित पशुपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ मा रहेको अनुसूची (१) को देहाय ३ मा रहेको "सिमान्तकृत महिला समुदायका लक्षित वर्ग" भन्ने शब्दावलीको सट्ट "सिमान्तकृत समुदाय" भन्ने शब्दावली राखी उक्त कार्यविधि स्वीकृत गर्ने ।

४) आन्तरिक तथा कानून मन्त्रालयको प्रस्ताव नं. ९० को देहाय (१) सवारी साधन नम्बर प्लेट सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(क) प्रदेश सरकार माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु, माननीय सभामुख र माननीय उपसभामुखज्यूले प्रयोग गर्ने झण्डावाल सरकारी मोटरको सवारी नम्बर प्लेट १२"×७" साइज कायम गरी नम्बर प्लेटको माथिल्लो आधा भागमा रातो र तल्लो आधा भागमा निलो रङ्गको पृष्ठभूमिमा सेतो रङगमा अङ्क र अक्षर उल्लेख गरी प्रयोग गर्न स्वीकृतिका लागि नेपाल सरकारमा अनुरोध गरी पठाउने ।

(ख) प्रकरण (क) मा उल्लेख भए बमोजिम सवारी नम्बर प्राप्त नभएसम्म हाल प्रयोगमा रहेका सवारी नम्बरलाई १२"×७" साइजको नम्बर प्लेटको माथिल्लो आधा भागमा रातो र तल्लो आधा भागमा निलो रङ्गको पृष्ठभूमिमा सेतो रङ्गमा अङ्क र अक्षर उल्लेख गरी प्रयोग गर्ने ।

५) आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. ९० को देहाय (२) मा प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ का सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(क) दफा २१ को उपदफा (१) मा "सचिवालयले प्रदेश सभा र सचिवालयका लागि आवश्यक पर्ने वार्षिक बजेट" भन्ने वाक्यांश पछि "आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत" भन्ने शब्दावली राख्ने ।

(ख) दफा २७ "सचिवालयले प्रदेश सरकारसँग सम्पर्क राख्दा" भन्ने शब्दावली पछि "प्रदेश सभा सम्बन्धि बिषय हेर्ने मन्त्रालय" को सट्टा "आन्तरिक मामिला तथा कानून मन्त्रालय" भन्ने शब्दावली राख्ने ।